# सुत्केरी स्याहार खर्च बितरण सम्बन्धी कार्यविधि

## निर्देशिका,२०७५

गोलबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोलबजार,सिरहा
२ नं. प्रदेश नेपाल

**आ.वः-२०७५/०७६**

गोलबजार नगरपालिका

नगर कार्यपालिकाको कायर्यालय

स्वास्थ्य शाखा

गोलबजार,सिरहा

गोलबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोलबजार, सिरहा
२ नं. प्रदेश नेपाल

## परिचयः

नेपालको संविधान, २०७२ ले स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा स्थापित गरेको छ । नागरिकको आधारभुत स्वास्थ्य सेवा उपभोग गर्न पाउने अधिकारलाई वर्तमान संविधानले प्रत्याभुत गरेको छ । नेपाल सरकारले आ.व.२०६५/०६६ देखि लागु हुने गरि उच्च रहेको नवजात शिशु तथा मातृ मृत्यू दरमा कमी ल्याउने उदेश्यले निशुल्क प्रसुति सेवा उपलव्ध गराउँदै आईरहेको छ ।

राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा नेपालले ब्यक्त गरेको प्रतिबध्ता अनुरुप नवजात शिशु तथा मातृ मृत्यू दरमा कमी ल्याउन आमा सुरक्षा कार्यक्रम मार्फत देशभरका बिभिन्न सरकारी तथा गैरसरकारी स्वास्थ्य संस्थाहरुमार्फत निशुल्क रुपमा संस्थागत प्रसुति सेवा प्रदान गर्दै आईरहेकै कारणले छोटो समयमा संस्थागत प्रसुति दरमा उल्लेख्य बृद्धि भई मातृ तथा नवजात शिशु मृत्यू दरमा अपेक्षित उपलब्धीहरु हासिल भएका छन् ।

वाल मृत्यू दर,शिशु मृत्यू दर तथा मातृ मृत्यु दरमा उल्लेखनिय उपलव्धी हासिल भएतापनि नवजात शिशु मृत्यू दरमा अपेक्षाकृत उपलव्धी हासिल नभएको परिपेक्ष्यमा नेपाल सरकारले आ.व.२०७२/०७३ देखि लागु हुने गरि निशुल्क नवजात शिशु उपचार कार्यक्रम कार्यन्वयनमा ल्याएको छ ।

नेपालको संविधान २०७२ को परिवर्तित संघिय संरचना अनुरुप हाल तिन तहको सरकारवाट राज्य संचालन भैरहेको अवस्था छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम स्थानीय तहमा रहेका नागरिकहरुलाई निशुल्क तथा गुण्स्तरीय स्वास्थ्य सेवा उपलव्ध गराउने जिम्मेवारी स्थानीय सरकारको रहेको छ र गोलबजार नगरपालिकाको **आ.व.२०७५/०७६** को बार्षिक निति तथा कार्यक्रममा मातृ सुरक्षा कार्यक्रमलाई उच्च प्राथमिक्तामा राखेको छ ।

" सुखी नेपाली,समृद्ध नेपाल " भन्ने मुल नाराकासाथ दिगो विकाशको लक्ष्य अनुरुप सेवाग्राही महिला र नवजात शिशुको स्वास्थ्य संस्थामा पहुँच बढाई संस्थागत प्रसुती सेवामा बृद्धी गरी मातृ तथा नवजात शिशु मृत्यूदरमा कमी ल्याउने उदेश्यले गोलबजार नगरपालिकाले **"सुत्केरि स्याहार खर्च वितरण कार्यविधि निर्देशिका २०७५"** जारी गरेको छ ।

## परिच्छेद - १

## प्ररम्भिक

**१. संक्षिप्त नामः** यो निर्देशिकाको नाम **" सुत्केरी स्याहार खर्च वितरण कार्यविधि निर्देशिका, २०७५ "** रहेको छ ।

**२. प्रारम्भः** यो तुरन्त लागु हुनेछ ।

**३. परिभाषाः** बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

**क) " सुत्केरी स्याहार खर्च वितरण कार्यक्रम "** भन्नाले गोलवजार नगरपालिका भित्र रहेका सरकारी स्वास्थ्य संस्थाहरुमा स्वीकृती प्राप्त वर्थिंग सेन्टर(सुरक्षित प्रसुति सेवा केन्द्र)हरुवाट प्रदान गरिने निशुल्क प्रसुति सेवा तथा प्रसुति सेवा लिन आउने सेवाग्राही महिलाहरुलाई उपलब्ध गराईने सुत्केरी स्याहार खर्च सम्झनुपर्दछ ।

**ख) " प्रसुति सेवा "** भन्नाले नगर भित्र रहेका आमा सुरक्षा कार्क्रम अन्तर्गत नेपाल सरकारले तोकेको स्वास्स्थ्य संस्था/वर्थिंग सेन्टरहरुवाट तालिम प्राप्त ( SBA Traning लिएका ) स्वास्थ्यकर्मीहरुद्वारा प्रदान गरिने सामान्य प्रसुति सेवालाई सम्झनुपर्दछ ।

**ग) " सेवाग्राही "** भन्नाले आमा सुरक्षा कार्यक्रम अन्तर्गत सुरक्षित तथा निशुल्क प्रसुति सेवाको सुविधा उपभोग गर्ने महिलालाई सम्झनुपर्दछ ।

**घ) " सुत्केरी स्याहार खर्च "** भन्नाले आमा सुरक्षा कार्यक्रम अन्तर्गत सेवाग्राहीलाई नेपाल सरकारले उपलब्ध गराउने यातायाता खर्च बाहेक नगरपालिकाद्वारा प्रदान गरिने थप आर्थिक सुविधालाई बुझ्नुपर्दछ ।

**ङ) " आमा सुरक्षा कार्यक्रम "** भन्नाले नेपाल सरकारको स्वामित्वमा रहेको सरकारी स्वास्थ्य संस्था तथा नेपाल सरकारद्वारा स्वीकृती प्राप्त निजी,गैरसरकारी र शिक्षण संस्थाहरुवाट प्रदान गरिने निःशुल्क प्रसुति सेवा र सेवाग्राही महिलालाई स्वास्थ्य संस्थामा आउन जान तोकिएको यातायात खर्च दिने सम्पुर्ण क्रियाकलापलाई बुझ्नुपर्दछ ।

**च) " दक्ष प्रसुतिकर्मी(Skilled Birth Attendent) "** भन्नाले मान्यता प्राप्त शैक्षिक संस्थावाट अनमी/स्टाफ नर्स/एम.बि.बि.एस.उतिर्ण गरि सम्बन्धित परिषदमा दर्ता भएका र मान्यता प्राप्त संस्थावाट SBA/ASBA तालिम प्राप्त स्वास्थ्यकर्मी भन्ने बुझ्नुपर्दछ । यसवाहेक DGO,MDGP,MD Gynae/Obs लाई पनि दक्ष प्रसुतीकर्मी भन्ने बुझ्नु पर्दछ ।

**छ) " स्वास्थ्य संस्था "** भन्नाले नेपाल सरकारको स्वामित्वमा रहेको अस्पताल,शिक्षण अस्पताल,प्राथमिक स्वास्थ्य केन्द्र तथा सुरक्षित प्रसुति सेवा प्रदान गर्ने ( बर्थिंग सेन्टर) स्वास्थ्य चौकी,नेपाल सरकारबाट मान्यता प्राप्त सुरक्षित प्रसुति सेवा प्रदान गर्ने सामुदायिक अस्पताल,मिशन अस्पताल तथा निजी र गैरसरकारी स्वास्थ्य संस्था र सुरक्षित प्रसुति सेवा केन्द्रलाई सम्झनु पर्दछ ।

**ज) " सिफारिश "** भन्नाले सम्बन्धित वडा कार्यालयले प्रसुति स्याहार खर्च उपलब्ध गराउन प्रदान गरेको सिफारिश पत्र तथा सम्बन्धित प्रसुति सेवा केन्द्र(बर्थिंग सेन्टर) ले प्रसुति स्याहार खर्च उपलब्ध गराउन प्रदान गरेको प्रसुति सेवा कार्ड बुझ्नु पर्दछ ।

**झ) " ईकाई मुल्य "** भन्नाले सुरक्षित प्रसुति सेवा प्राप्त गर्ने सेवाग्राही महिलालाई यस निर्देशिकाको अनुसुची-१ बमोजिम उपलब्ध गराउन तोकिएको रकमको मुल्यलाई बुझ्नु पर्दछ ।

**ञ) " स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समिति "** भन्नाले नेपाल सरकार अन्तर्गतका स्वास्थ्य संस्थाको हकमा सरकारले तोकेको संरचना बमोजिम गठन भएको ब्यवस्थापन समिति,अस्पताल बिकाश समितिलाई सम्झनुपर्दछ । निजि तथा गैरसरकारी स्वास्थ्य संस्थाको हकमा उक्त संस्थाहरुको बैधानिक प्रक्रियाद्वारा गठित संचालक समिति सम्झनुपर्दछ ।

**ट) " स्वास्थ्य शाखा "** भन्नाले नगरपालिका,नगर कार्यपालिकाको कार्यालय मातहतमा रहेको स्वास्थ्य सम्बन्धी निति तथा योजना निर्माण,कार्यन्वयन,ब्यवस्थापन,अनुगमन/निरिक्षण तथा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम तोकिएको स्वास्थ्य क्षेत्र संग सम्बन्धित अन्य सम्पुर्ण गतिविधि संचालन गर्ने निकाय सम्झनुपर्दछ ।

**ठ) " नगरपालिका "** भन्नाले गोलबजार नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,गोलबजार सिरहालाई सम्झनुपर्दछ ।

**ड) " वडा कार्यालय "** भन्नाले गोलबजार नगरपालिका अन्तर्गत रहेको सम्पुर्ण वडा कार्यालयहरुलाई सम्झनुपर्दछ ।

## परिच्छेद - २

## नेपालमा प्रसुति सेवाको वर्तमान अवस्था

**४)** नेपाल सरकारले सन २०१६ मा गरेको डेमोग्राफिकल हेल्थ सर्भे अनुसार आमा सुरक्षा कार्यक्रम अन्तर्गत प्रसुति सेवाको अवस्था देहाय अनुसार रहेको छ ।

## 1)Percentage of live births in the 5 years before the survey

| Place of birth | 1996 | 2001 | 2006 | 2011 | 2016 |
|---|---|---|---|---|---|
| Delivered at home | 92% | 89% | 81% | 63% | 41% |
| Delivered in health facility | 8% | 9% | 18% | 25% | 57% |

**Table :(1) Trends in place of birth**

## 2)Percentage of live births in the 5 years before the survey that were delivered in a health facility

| Province No. | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 |
|---|---|---|---|---|---|---|---|
| % of Institutional Delivery | 62 | 45 | 71 | 68 | 59 | 36 | 66 |

**Table:(2)Institutional deliveries by province**

## 3)Percent distribution of births in the 5 years before the survey

| Assitance by | FCHV | HA/AHW/ MCHW | Traditional birth attendant | No one | Relative/ friend | Nurse/ ANM | Doctor |
|---|---|---|---|---|---|---|---|
| % Distribution of births | 3 | 4 | 5 | 10 | 20 | 27 | 31 |

Table:(3)Delivery assistance

## 4) Percentage of live births in the 5 years before the survey assisted by a skilled provider

| Delivery assistance by education | No education | Primary | some secondary | SLC and above |
|---|---|---|---|---|
| % of assisted | 38 | 50 | 70 | 85 |

Table:(4)Delivery assistance by education

## परिच्छेद - ३

## सुत्केरी स्याहार खर्च वितरण कार्यक्रम

### सेवाग्राही महिलाले प्राप्त गर्ने सेवा सुविधा सम्बन्धी ब्यवस्था

**५)** नेपाल सरकारको आमा सुरक्षा कार्यक्रम अन्तर्गत सेवाग्राही महिलाले गोलबजार नगरपालिका भित्र संचालनमा रहेका सुरक्षित प्रसुति सेवा केन्द्र (Birthing Center) हरुबाट प्रसुति सेवा लिएवापत नेपाल सरकारले उपलब्ध गराउने सेवा सुविधाबाहेक सुत्केरी महिलाहरुलाई नगरपालिकाद्वारा थप **" सुत्केरी स्याहार खर्च "** देहाय बमोजिम प्रदान गरिनेछ ।

**क)** यस निर्देशिका बमोजिम गोलबजार नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्था(बर्थिंग सेन्टर) हरुबाट सुरक्षित सामान्य प्रसुति सेवा निःशुल्क उपलब्ध गराईनेछ ।

**ख)** प्रसुति सेवा प्राप्त गर्ने महिलालाई सम्बन्धित वडा कार्यालय तथा सम्बन्धित प्रसुति सेवा केन्द्रको सिफारिशमा नगर स्वास्थ्य शाखाले **अनुसुची - १** बमोजिमको रकम नगदै उपलब्ध गराउनेछ ।

**ग)** प्रसुति सेवा प्राप्त गरेका सेवाग्राही महिलाले देहाय अनुसारको कागजातहरु पेश गरेको खण्डमा सुत्केरी स्याहार खर्चबापतको रकम **अनुसुची - १** बमोजिम प्रदान गरिनेछ ।

- सम्बन्धित सेवाग्राही महिलाको नागरिक्ता प्रमाण पत्रको प्रतिलिपी ।
- नवजात शिशुको जन्म दर्ताको प्रमाण पत्रको प्रतिलिपी ।
- सम्बन्धित वडा कार्यालयको सिफारिश पत्र ।
- सम्बन्धित प्रसुति सेवा केन्द्रले उपलब्ध गराएको प्रसुति सेवा कार्डको प्रतिलिपी ।

**स्पष्टीकरणः-** मृत्य शिशुको जन्म भएको खण्डमा जन्म दर्ताको प्रमाण पत्र आवश्यक पर्नेछैन । र अविवाहित नागरिक्ता भएको खण्डमा सम्बन्धित वडा कार्यालयबाट नाता प्रमाणितको प्रमाण पत्र पेश गर्नुपर्नेछ ।

**घ)** प्रसुति सेवा प्राप्त गरेका सेवाग्राही महिलाले सेवा प्राप्त गरेको ३५ (पैंतिस) दिन भित्र यस निर्देशिकाको दफा (५) को उपदफा (ग) बमोजिम स-प्रमाण सहित सुत्केरी स्याहार खर्च उपलब्ध गराई पाउँ भनि नगर स्वास्थ्य शाखामा **<u>अनुसुची - २</u>** बमोजिम निवेदन पेश गर्नुपर्नेछ ।

**ङ)** यस निर्देशिकामा अन्यत्र जेसुकै लेखिएको भएतापनि गोलबजार नगरपालिकाको आ.व.२०७५/०७६ को निति तथा कार्यक्रम अनुसार नगर भित्रका सम्पुर्ण प्रसुति सेवा लिने सेवाग्राही महिलाहरुलाई नगर भित्र रहेका **<u>प्रसुति सेवा केन्द्रहरुबाट सुरक्षित प्रसुति सेवा लिएको खण्डमा प्रथम पटक र दोस्रो पटकको</u>** प्रसुतिमा मात्र सुत्केरी स्याहार खर्चवापतको रकम उपलब्ध गराईनेछ ।

**च)** नगर भित्र रहेका सुरक्षित प्रसुति सेवा केन्द्रहरुमा सामान्य प्रसुति हुन नसकी जटिल प्रसुति सेवाका लागी नियमानुसार प्रेषण भई नेपाल सरकारले स्वीकृती प्रदान गरेका अन्य प्रसुति सेवा केन्द्रहरुबाट सेवा लिएका सेवाग्राही महिलालाई समेत यस निर्देशिका बमोजिमको सुत्केरी स्याहार खर्च प्रदान गरिनेछ ।

**छ)** यस निर्देशिका बमोजिम नगर भित्रमा स्थायी बसोबास गरिरहेका सेवाग्राही महिला वा नगर भित्रकै नागरिकको माईतमा बसेका छोरी समेतलाई प्रसुति सेवा लिएबापतको सुत्केरि स्याहार खर्च उपलब्ध गराईनेछ । तर नगरको पहिचान नखुल्ने र प्रसुति सेवा केन्द्रमा आई सुरक्षित प्रसुति सेवा नलिएका कुनै पनि सेवाग्राही महिलालाई यो सुविधा उपलब्ध गराईनेछैन ।

## <u>परिच्छेद - ४</u>

## <u>वजेटको ब्यवस्थापन तथा वितरण</u>

**६)** सुत्केरी स्याहार खर्च वितरण कार्यक्रमको लागी आवश्यक पर्ने वजेटको ब्यवस्थापन गोलबजार नगरपालिकाको नगर सभाबाट स्वीकृत विनियोजन एवंम आर्थिक ऐन बमोजिम ,नगर कार्यपालिकाको कार्यालय गोलबजारले गर्नेछ ।

**७)** सुत्केरी स्याहार खर्च वितरण कार्यक्रम अन्तर्गत सेवाग्राही महिलाले प्राप्त गर्ने सुत्केरी स्याहारबापतको खर्च रकम नगर कार्यपालिकाको कार्यालय,आर्थिक प्रशासन शाखावाट अख्तियारी तथा पेश्की प्राप्त गरेपछि **<u>नगर स्वास्थ्य शाखाले वितरण</u>** गर्नेछ ।

**८)** सुत्केरी स्याहार खर्च वितरण कार्यक्रम अन्तर्गत नगर स्वास्थ्य शाखाले प्राप्त गरेको पेश्की रकमको चालु आर्थिक वर्षको अषाढ मसान्त भित्र पेश्की फर्छ्यौट गर्नुपर्नेछ ।

## <u>परिच्छेद - ५</u>

## <u>प्रचार प्रसार</u>

**९)** यस निर्देशिका बमोजिम सुत्केरी स्याहार खर्च वितरण कार्यक्रमको नगर सभासदस्य,कार्यपालिका सदस्य,नगर कार्यपालिकाको कार्यालय,स्वास्थ्य शाखा,नगर भित्रका स्वास्थ्य संस्थाहरु,वडा कार्यालयहरु तथा उक्त संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मी,कर्मचारी, म.स्वा.स्वयं सेविकाहरु तथा स्वास्थ्य क्षेत्रमा

काम गर्ने स्थानीय गैरसरकारी संघ संस्थाहरु र स्थानीय रेडियो,एफ.एमहरुमार्फत प्रचार प्रसार तथा सुचना प्रवाह गरिनेछ ।

## परिच्छेद - ६

## अनुगमन / सुपरिवेक्षण / मुल्याँकन / ब्यवस्थापन

**१०)** सुत्केरी स्याहार खर्च वितरण कार्यक्रमको आवश्यक्ता अनुसार अनुगमन/सुपरिवेक्षण/मुल्याँकन तथा ब्यवस्थापन नगर कार्यपालिकाको कार्यालय तथा नगर स्वास्थ्य शाखाले गर्नेछ ।

**११)** सुत्केरी स्याहार खर्च वितरण कार्यक्रम अन्तर्गत सम्बन्धित सुरक्षित प्रसुति सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाको स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समितिको संलग्नता सुनिश्चत गर्नुपर्नेछ ।

**१२) " खारेजी "** यस निर्देशिकामा उल्लेख गरिएका कुनै पनि दफा,उपदफाहरू नेपाल सरकारले अवलम्वन गरेको आमा सुरक्षा कार्यक्रम सम्बन्धी निति तथा कानुनको प्रतिकुल भएमा वा बाझेमा बाझेको हद सम्म उक्त दफा स्वतः खारेज हुनेछ ।

**१३) " बचाव "** यस निर्देशिकामा उल्लेखित दफा,उपदफाहरूको ब्याख्या गर्ने,संसोधन गर्ने तथा अनुसुचीहरूमा फेरबदल गर्ने अधिकार नगर कार्यपालिकाको कार्यालय, स्वास्थ्य शाखा गोलबजारमा निहित रहनेछ ।

## परिच्छेद - ७

## अनुसुची - १

## सुत्केरी स्याहार खर्च वितरणको ईकाई मुल्य विवरण

| सि.नं. | विवरण | पटक | प्रति पटक प्राप्त गर्ने सुत्केरी स्याहार खर्च वापतको ईकाई मुल्य रू. | कैफियत |
|---|---|---|---|---|
| १. | सुरक्षित प्रसुति सेवा प्राप्त गर्ने सेवाग्राही प्रति महिला | १(एक) | २०००।-<br>(दुई हजार रूपैया मात्र ।) | दुई पटकको प्रसुति सेवामा मात्र । |

# अनुसुची - २

## सुत्केरी स्याहार खर्च उपलब्ध गराईपाउँ वारेको निवेदन

श्री स्वास्थ्य शाखा प्रमुख ज्यू,
नगर स्वास्थ्य शाखा गोलबजार
गोलबजार नगरपालिका,नगर कार्यपालिकाको कार्यालय गोलबजार सिरहा ।

मितिः-.........................

बिषयः- सुत्केरी स्याहार खर्चवापतको रकम उपलब्ध गराई पाउँ वारे ।

महोदय,

प्रस्तुत बिषयमा निवेदन यो छ की गोलबजार नगरपालिकाको स्वास्थ्य सम्बन्धी निति तथा कार्यक्रम र सुत्केरि स्याहार खर्च वितरण कार्यविधि निर्देशिका, २०७५ को परिच्छेद- ३ को दफा (५) बमोजिम तपसिलका प्रमाणहरु सहित सुत्केरी स्याहार खर्च उपलब्ध गराई पाउँ भनि यो निवेदन पेश गरेकी छु । जो आदेश ।

**तपसिलः-**

१)....................................................

२)....................................................

३)....................................................

४)....................................................

५)....................................................

**निबेदिकाः-**

नाम,थरः-....................................

ठेगानाः-

जिल्लाः-.......................................

नगरपालिकाः-.................................

वडा नः-.......................................

गाउँ/टोलको नाउः-.............................

दस्तखतः-